नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७४।०७।१०

## प्रेस विज्ञप्ति

मिति २०७४ आश्विन १४ गते ११:०० बजे घरबाट हराएका झापा जिल्ला अर्जुनधारा नगरपालिका वडा नं. ११ बस्ने शिव शिवाकोटीको छोरा बर्ष ११ का लक्ष्मण शिवाकोटीको खोजतलास गर्ने क्रममा मिति २०७४/०६/१५ गते ११:३० बिर्तामोड नगरपालिका वडा नं. १ बैसाबारी स्थित पोखरीमा डुबी मृत अवस्थामा फेला परेकोमा निजको हत्या भएको भनी दोषी पत्ता लगाई कारवाही गर्नुपर्ने माग गर्दै आएकोमा आज मिति २०७४/०७/१० गते विहान ०९:१५ बजेको समयमा विर्तामोड नगरपालिका- ५ मुक्ति चोकमा जम्मा भएका प्रर्दशनकारीहरुले तोडफोड, आगजनी लगायतका गतिविधि गरी सडकमा अवरोध पुऱ्याउँदै सशस्त्र प्रहरी बलको भ्यान - १, निजी गाडी - १, मोटरसाईकल -१२, सडक विभागको एक्साभेटर - १, ट्यांकर - १ वटामा क्षति पुऱ्याउनुको साथै जिल्ला ट्राफिक प्रहरी कार्यालय, झापाको भवनको झ्याल ढोका तथा सि.सि. क्यामरा समेत तोडफोड गरेकोले स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले गरेको कारवाहीमा झापा जिल्ला अर्जुनधारा नगरपालिका वडा नं ५ बस्ने बर्ष ३० का नरेश थापालाई गोली लागेकोमा उपचारको लागि मेची अंचल अस्पताल लैजाने क्रममा मृत्यु भएको, यस घटनामा परी सर्वसाधारण ६ जना र नेपाल प्रहरी तर्फ २७ जना र सशस्त्र प्रहरी बल तर्फ ७ जना सुरक्षाकर्मी घाईते भएका छन् । घाईतेहरुलाई उपचारको लागि वि.एन.सि. र मेची अंचल अस्पताल पठाईएको छ ।

स्थितिलाई नियन्त्रणमा लिई शान्ति सुरक्षा कायम गर्न र थप जनधनको क्षति हुन नदिन स्थानीय प्रशासनबाट आज अपरान्ह १३:३० बजेबाट अर्को आदेश नभएसम्मको लागि विर्तामोड नगरपालिको पूर्वमा बसपार्क मोड, पश्चिममा चारपाने, दक्षिणमा विर्ता बजार, उत्तरमा महानन्द चोकको चार किल्ला क्षेत्रभित्र कर्फ्यू आदेश जारी गरेको छ । नेपाल सरकार सम्माननीय प्रधानमन्त्री एवं गृहमन्त्री स्तरको मिति २०७४/०७/१० को निर्णयानुसार उक्त घटनाको छानविन गरी सत्य तथ्य पत्ता लगाई भविष्यमा यस प्रकारका अनपेक्षित घटना हुन नदिन अपनाउनु पर्ने सतर्कताका सम्बन्धमा ७ (सात) दिन भित्र राय सुझाव सहितको प्रतिवेदन पेश गर्न गृह मन्त्रालयका सह-सचिव वीरेन्द्र कुमार यादवको संयोजकत्वमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक रमेश कुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी नायव महानिरीक्षक चिरन्जीवी अधिकारी र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक हरिहर पौडेल सम्मिलित ४ (चार) सदस्यीय छानविन समिति गठन गरिएको छ । साथै घाईतेहरुको उचित उपचारको प्रवन्ध गर्ने समेतको व्यवस्था मिलाउन स्थानीय प्रशासनलाई निर्देशन भईसकेको छ ।

यस दुःखद घडीमा गृह मन्त्रालय मृतक आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछ । मृतकका परिवार तथा आफन्तजनहरुमा हार्दिक समवेदना प्रकट गर्दै घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामनाका साथ सर्वसाधारण सबैमा संयम र धैर्य भई शान्ति सुरक्षा कायम गर्ने कार्यमा सहयोग गर्न समेत विनम्र अनुरोध गर्दछ ।

०७।७।१०

(नारायण प्रसाद शर्मा दुवाडी)

प्रवक्ता/ सह सचिव